# सानिमा बैंक लिमिटेडको
## आठौ वार्षिक साधारणसभाको
## कामकारबाहीको विवरण (माईन्यूट)

यस बैंकका संचालक समितिका अध्यक्ष श्री जीवनाथ लामिछानेको अध्यक्षतामा मिति २०६९ साल मंसिर २२ गते (ई.स.७ डिसेम्बर २०१२) शुक्रबार विहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म नेपाल-प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौमा सम्पन्न भएको आठौं बार्षिक साधारण सभाको निर्णयहरु तथा अन्य काम कारबाही समेतको निर्णय पुस्तिका (माइन्युट) देहाय बमोजिम रहेको छ ।

१. उपस्थिति :

क. सभामा उपस्थित सञ्चालकहरु:

| | | |
|---|---|---|
| १. | श्री जीवनाथ लामिछाने | - अध्यक्ष |
| २. | श्री विनयकुमार श्रेष्ठ | - सञ्चालक |
| ३. | श्री रामकृष्ण शाह | - सञ्चालक |
| ४. | डा.विश्वनाथ पौडेल | - सञ्चालक |
| ५. | श्री शाम्वा लामा | - सञ्चालक |
| ६. | श्री महेश घिमिरे | - सञ्चालक |
| ७. | श्री भरत कुमार पोखरेल | - सञ्चालक |

ख. अन्य पदाधिकारीहरु :

| | | |
|---|---|---|
| १. | श्री कुमार लम्साल | - प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रुद्रप्रसाद बन्जारा | - कम्पनी सचिव |

ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री खिमानन्द भुषाल | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री अम्बिका प्रसाद गिरी | प्रतिनिधि, नेपाल धितोपत्र वोर्ड |
| ३. | श्रीमती रेशा बिष्ट | प्रतिनिधि, नेपाल स्टक एक्सचेन्ज लिमिटेड |
| ४. | श्री कुमार ज्ञवाली | प्रतिनिधि, सि.एस.सि.एण्ड कं.लेखापरीक्षक |
| ५. | श्री बद्री विशाल घिमिरे | कानूनी सल्लाहकार |

घ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत : ६८.२

ङ यस आठौ बार्षिक साधारण सभाको मितिसम्म ८५७४ जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहेका थिए ।

२.छलफलका विषयहरु :

क. सामान्य प्रस्तावहरु :

१. आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकककको प्रतिवेदन सहितको २०६९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६८/०६९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०६९/०७० को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम ५.५ (पाँच दशमलव पाँच) प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. संस्थापक शेयरधनीका तर्फबाट रिक्त रहेको संचालक पद ३(तीन) मा संचालक समितिबाट गरिएको मनोनयन/नियुक्तिलाई बांकी अवधिको लागि अनुमोदन गर्ने ।
६. संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गर्ने/गरिएको खर्च स्वीकृत गर्ने ।

ख. विशेष प्रस्तावहरु :

१. संस्थापक समुहमा एकाउन्न प्रतिशत शेयर कायम राखी संस्थापक समुहको बांकी शेयर सर्वसाधारण समुहमा परिणत गर्न, सोही बमोजिम शेयर स्वामित्वको आधारमा संचालक समितिमा प्रतिनिधित्वको व्यवस्था गर्ने बिषयहरुमा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
२. प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध

३. गणपुरक संख्या तथा सभाको वैधानिकता:

यस बैंकको संचालक समितिको मिति २०६९ साल कार्तिक २२ गते बसेको संचालक समितिको १८८ औं बैठकको निर्णयानुसार आठौं बार्षिक साधारण सभाको सूचना मिति २०६९ कार्तिक २८ गते नागरीक राष्ट्रिय दैनिक र कार्तिक २९ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीज्यूहरूलाई सभावारे जानकारी गराउनुको साथै शेयरधनीहरुको यस बैंकमा उपलब्ध अभिलेख ठेगानामा पत्रवाट समेत जानकारी पठाइएको थियो । गणपूरक संख्या पुग्नको लागि बैंकको नियमावलीको नियम ११ बमोजिम कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि शेयरको प्रतिनिधित्व हुनु पर्नेमा कुल शेयर संख्याको स्वयम तथा प्रोक्सी मार्फत ६८.२ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी सभालाई गराइयो ।

४. सभाको प्रारम्भ :

मिति २०६९/०७/२२ मा सम्पन्न सञ्चालक समितिको १८८ औं बैठकको निर्णयवाट प्रस्ताव गरिए बमोजिम निम्न उल्लेखित विषयहरु आठौं वार्षिक साधारण सभामा छलफल एवम् निर्णयको लागि प्रस्तुत भएको जानकारी कम्पनी सचिवले पढेर सुनाउनु भयो ।

५. प्रतिवेदन प्रस्तुतः

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री जीवनाथ लामिछानेले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फवाट आ.व.२०६८/६९ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

६. प्रस्तुत प्रतिवेदन उपर शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नु भएको मन्तव्य, राय, सुझाव, एवम जिज्ञासा र संचालक समितिको तर्फवाट अध्यक्षवाट दिइएको जवाफ ।

१. शेयरधनी श्री भक्ति प्रसाद उप्रेतीको मन्तव्य, सुझाव :

प्रतिकुल अवस्थामा बैंकको स्तरोन्नती भएकोमा अध्यक्ष, संचालकहरुलाई धन्यवाद दिदै बैंक स्तरोन्नती भएकोमा व्यवसाय वृद्धि गर्न सक्षम हुने बिचार व्यक्त गर्नु भयो । आगामी बर्ष देखि शेयरधनीहरुलाई कम्तीमा १० प्रतिशत नगद लाभांश दिन र त्यसलाई कायम राख्न संचालक समितिलाई सुझाव दिनुभयो । शेयरधनीहरुले लिन बांकी रहेको नगद लाभांश लिनका लागि सूचना गर्ने व्यवस्था गर्न र कर्मचारीहरुलाई विभिन्न प्रकारका तालिम दिन र कर्मचारी तालिम खर्च बढाउन सुझाव दिनु भयो । चन्दा र मनोरन्जन जस्ता खर्च कम गर्न र कर्मचारी खर्चमा मितव्ययिता गर्न, प्रतिवेदनमा शेयर संख्याको आधारमा शेयरको विवरण खुलाउन सुझाव दिनु भयो । शिक्षा, स्वास्थ्य, वातावरणमा गरिएको खर्चले बैंकको उन्नतीमा सहयोग पुग्ने आशा व्यक्त गर्नु भयो । संस्थापक समूहमा रहेको शेयर सर्वसाधारणमा परीणत गर्दा गलत सन्देश जाने तर्फ ध्यान दिन सुझाव दिनु भयो ।

२. शेयरधनी श्री व्यास कुमार शर्माको मन्तव्य, सुझाव :

प्रतिवेदनको मुखपृष्ठ राम्रो भएको, गरीब बिद्यार्थीलाई छात्रवृति प्रदान गरेको राम्रो भएको बिचार व्यक्त गर्नु भयो । बैंकले सामाजिक उत्तरदायित्व अन्तरगत छात्रवृति प्रदान गरेर ठूलठूला बैंकले पनि नगरेको काम गरेको बिचार व्यक्त गर्नु भयो । यस्तो छात्रवृति दिदा भौगोलिक सन्तुलन मिलाउनु पर्ने धारणा राख्नु भयो । हाइड्रोपावरमा गरेको **Investment**, ख्यातिप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउने व्यवस्था, राम्रो भएकोले संचालक समितिलाई धन्यवाद दिनुभयो । कर्जा तथा निक्षेप बढनु राम्रो भएको धारणा राख्नु भयो । **Loan loss provision** बढेकोमा सोलाई ध्यान दिनु पर्ने सुझाव राख्नु भयो । बैंक कर्मचारी खर्चप्रति उदार भए पनि संचालन खर्च प्रति अनुदार हुनु पर्ने धारणा राख्नु भयो । विदेशी मुद्राको कारोबारबाट राम्रो आम्दानी भएको बिचार व्यक्त गर्दै आगामी बर्षमा ११-१५ प्रतिशत लाभांश दिने प्रतिवद्धता गर्न संचालक समितिलाई सुझाव दिनुभयो ।

३. शेयरधनी श्री दामोदर प्रसाद रेग्मीको मन्तव्य, सुझाव :

लाभांश कम भएको, आम्दानी कम भएको, खर्च बढी भएको, लाभांश कम्तीमा २० प्रतिशत हुनु पर्ने धारणा राख्नु भयो । विदेशमा समेत व्यवसायमा सफल हुनु भएका व्यक्तिहरुबाट संचालन भएको बैंकले दिएको लाभांश कम भएको, शेयरधनीको अपेक्षालाई प्रतिफलको दृष्टिले हेर्नु पर्ने धारणा राख्नु भयो । **Loan loss provision** राम्रै रहेको बिचार व्यक्त गर्दै गैरकोषमा आधारित व्यवसाय बढाउनु पर्ने, खर्चको अनुपातमा नाफा बढाउनु पर्ने बिचार राख्नु भयो । **Low cost Deposit** बढाउन, शेयरधनी खाता खोली लाभांश सोही खातामा राखि दिने व्यवस्था गर्न सुझाव दिदै बैंकको भविश्य राम्रो भएको बिचार व्यक्त

गर्नु भयो । बैंकका प्रवर्द्धकहरु विदेशमा समेत सक्षम भएका व्यक्तिहरु भएका हुदा बैंक सफल हुन्छ भन्ने धारणा राख्दै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

४. शेयरधनी श्री अमृत नाथ रेग्मीको मन्तव्य, सुझाव :

बैंक स्तरोन्नती भई Rebranding भएकोमा त्यसलाई सफल पार्न सुझाव दिनु भयो । Cost efficiency लाई हेर्नु पर्ने, अधिक तरलतामा बस्नु उपयुक्त नहुने, हामीभन्दा धेरै कमाउने बैंकको रणनीति हेर्नु पर्ने, ठूला ५ वटा बैंकले के गरेका छन हेर्नु पर्ने, कर्जा भन्दा लगानीलाई जोड दिनु पर्ने बिचार व्यक्त गर्नु भयो । Cost of Fund लाई ध्यान दिनु पर्ने, LC, Term Loan लाई जोड दिनु पर्ने, Staff Training को लागि विदेश पठाउने व्यवस्था गर्नु पर्ने सुझाव राख्नु भयो । बैंकले गरेका राम्रा पक्षलाई बताउन सक्नु पर्ने धारणा राख्नु भयो । २२ बटा शाखा स्थापना हुनु राम्रो भएको बिचार व्यक्त गर्दै शाखा नाफामुलक भए नभएको तर्फ ध्यान दिनु पर्ने बिचार व्यक्त गर्नु भयो । संचित मुनाफा घटेकोमा ध्यान दिन र डिबेन्चर निष्काशन गर्न सुझाव दिनु भयो । रेमीट्न्यान्सबाट राम्रो कमाई भएको बिचार राख्नु भयो ।

५. शेयरधनी मेजर कुवेर श्रेष्ठको मन्तव्य, सुझाव :

बाणिज्य बैंक भएकोमा बधाई दिनु भयो, NRN लाई नेपालमा ढुक्कसंग लगानी बढाउन आग्रह गर्नु भयो । आउदो बर्ष १० प्रतिशत लाभांश दिनु पर्ने धारणा राख्नु भयो । बैंकले आफ्नै भवन बनाएकोमा बैंकको प्रतिष्ठा बढेको बिचार राख्नु भयो । कर्मचारी लिदा योग्य र सक्षम भए शेयरधनीका छोरा छोरीलाई प्राथमिकता दिन र उत्कृष्ठ कर्मचारीलाई पुरष्कृत गर्ने परीपाटी बसाउन सुझाव दिनु भयो । बिद्यार्थीहरुलाई छात्रवृति दिएकोमा धन्यवाद दिदै ७५ जिल्लामा विस्तार गर्न सुझाव राख्नु भयो । संस्थापक शेयर सर्वसाधारणमा परिणत गर्दा Locking Period राख्न सुझाव दिनु भयो । हाइड्रोपावरमा लगानी गर्न सुझाव दिदै आठौं बार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्नु भयो ।

६. शेयरधनी श्री नरसिंहलाल चखुँको मन्तव्य, सुझाव :

५.५ प्रतिशत लाभांश दिएकोमा संचालक समिति, कर्मचारीलाई धन्यवाद दिनु भयो । आगामी दिनमा लाभांशको अनुपात बढाउन आग्रह गर्नु भयो । हाइड्रोपावरमा गरेको लगानीबाट फाईदा हुने बिचार व्यक्त गर्दै शेयरमा लगानी गर्दा नाफा दिने कम्पनीमा लगानी गर्न सुझाव दिनु भयो । बिज्ञापनमा गरेको खर्चले Business वृद्धि भए नभएको तर्फ व्यवस्थापनले ध्यान दिनु पर्ने धारणा राख्नु भयो । Risk Management, Loan Loss Provision, Right Back, Investment Portfolio, Baserate, Price Risk, Default risk, Credit risk, Industry risk, Earning per employee आदिलाई ध्यान दिनु पर्ने सुझाव राख्नु भयो ।

७. शेयरधनी डा.माधव कुमार श्रेष्ठको मन्तव्य, सुझाव :

५.५ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिनु भयो । चालु आ.ब.मा हुने नाफाको लक्ष्य प्रतिवेदनमा राख्न सुझाव दिनु भयो । Vision भएका कर्मचारी ल्याउन र कार्यान्वयन गर्न सुझाव दिनु भयो । नया क्षेत्रहरु पहीचान गर्न सुझाव दिनु भयो । संस्थापक शेयर सर्वसाधारणमा परीवर्तन गर्नु पर्ने आधारहरु उल्लेख हुनु पर्ने धारणा राख्नु भयो । शेयरधनीहरुसंग अन्तरकृया गर्ने व्यवस्था गर्नु पर्ने धारणा राख्नु भयो ।

८. शेयरधनी श्री अशोक उप्रेतीको मन्तव्य, सुझाव :

बैंक विश्वास र इमान्दारीतामा चल्ने संस्था भएकाले राम्रोसंग चलाउनु पर्ने बिचार राख्नु भयो । यस बैंकका प्रवर्द्धकहरुले विदेशमा समेत इज्जत राखेर नेपालमा पनि केही गरौं भन्ने भावना लिएर आएका हुदा वहाहरुमाथि हामी शेयरधनीले विश्वास गरेका छौ भन्ने धारणा व्यक्त गर्नु भयो । बैंकिङ्ग क्षेत्रमा आएको बिकृतिलाई पार गर्दै भविष्यमा सानिमा बैंक सफल गन्तव्यमा पुग्नेछ भन्ने विश्वास व्यक्त गर्नु भयो । पश्चिम नेपालमा पनि शाखा खोल्न, कृषि क्षेत्रमा लगानी गर्न सुझाव दिनु भयो । सानिमा बैंकले शेयरधनीहरुको विश्वासलाई कायम राख्न सक्छ भन्ने विश्वास व्यक्त गर्दै २८ जना बिद्यार्थीहरुलाई छात्रवृति प्रदान गरेकोमा प्रशसा गर्दै यसलाई वृद्धि गर्दै लैजान र Tradition, Culture, Religion मा समेत बैंकले योगदान गर्नेछ भन्ने आशा व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

९. शेयरधनी श्री शिव प्रसाद शर्माको मन्तव्य, सुझाव :

प्रतिवेदनमा संस्थापक र सर्वसाधारण संचालकहरु छुट्याउनु पर्ने सुझाव राख्नु भयो । ५.५ प्रतिशत लाभांश दिएकोमा र बाणिज्य बैंक भएकोमा धन्यवाद दिनु भयो । **NRN** प्रति शेयरधनीको विश्वास रहेको धारणा व्यक्त गर्दै नाफाको आधारमा खर्च गर्न सुझाव दिनु भयो । कर्जा प्रवाह गर्दा धितोको मुल्याङ्कनको ४० प्रतिशत मात्र कर्जा प्रवाह गर्न, हाइड्रोपावर, कृषिमा लगानी गर्न सुझाव दिनु भयो । रेमीट्न्यान्स बढाएकोमा धन्यवाद दिदै गैरकोषमा आधारित विजनेश बढाउन सुझाव दिनु भयो । संस्थापक शेयर सर्वसाधरणमा परीणत गर्दा बजारमा शेयरको **Flow** बढने भएकाले त्यसतर्फ ध्यान दिनु पर्ने सुझाव राख्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

१०. शेयरधनी श्री जयन्द्रमान सिंह वानियाको मन्तव्य, सुझाव :

अध्यक्ष/संचालक समितिको प्रतिवेदनमा आगामी बर्षको लक्ष्य उल्लेख हुनु पर्ने, व्यवसायमा प्रतिस्पर्धा गर्नका लागि आधारहरु निर्माण गर्नु पर्ने, लाभांश बढाउनु पर्ने धारणा राख्नु भयो । निक्षेप बढेको भए पनि नाफा घटेको बिचार व्यक्त गर्दै आम्दानीको आधारमा खर्च गर्न सुझाव दिनु भयो । बाणिज्य बैंक भए पश्चात **Non Interest Bearing Deposit** बढाउनु पर्ने विदेशी मुद्राको कारोबार बढाउनु पर्ने, प्रति शेयर आम्दानी बढाउन सुझाव राख्नु भयो । लाभांश कम भएको, **LC** मा सुधार गर्नु पर्ने धारणा राख्दै **Capital Adequacy** बढी भएकाले त्यस तर्फ ध्यान दिनु पर्ने धारणा राख्नु भयो । संस्थापक शेयरलाई अहिलेको अवस्थामा सर्वसाधारणमा परिवर्तन गर्न बिचार गर्नु पर्ने धारणा राख्नु भयो ।

११. शेयरधनी श्री लवराज जोशीको मन्तव्य, सुझाव :

चुनौतिका बाबजुद कर्जा लगानी तथा निक्षेपमा वृद्धि गर्न सफल रहेको धारणा व्यक्त गर्दै बैंक आफ्नो व्यवसायमा सफल हुन्छ भन्ने धारणा राख्नु भयो । शाखा कार्यालयहरुलाई Profit Center बनाउन सुझाव दिदै ग्रामिण क्षेत्रमा शाखा विस्तार गरेकोमा धन्यवाद दिदै यसलाई निरन्तरता दिनु पर्ने बिचार व्यक्त गर्नु भयो । कृषि, पशुपालनमा लगानी गर्न सुझाव दिनु भयो । Basel को पूर्ण रूपमा पालना गरेकोमा खुशी व्यक्त गर्नु भयो । **NRN** ले देशको आर्थिक विकासको लागि गरेको योगदानको सरहाना गर्नु भयो । आगामी दिनमा शेयरधनीको चाहना अनुसार लाभांश दिन सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्दै कर्मचारीहरुको लागि आन्तरीक र बाह्य तालिम दिनु पर्नेमा जोड दिदै बैंकको सफलताको कामना गर्नु भयो ।

१२. शेयरधनी श्री हरि प्रकाश पुडासैनीको मन्तव्य, सुझाव :

कर्मचारीहरुको क्षमता, विकास र मनोवल बढेमा बैंकको उन्नती हुने बिचार व्यक्त गर्दै बैंकको सफलताको कामना गर्नु भयो ।

१३. शेयरधनी श्री थमनाथ शर्माको मन्तव्य, सुझाव :

संचालन खर्च घटाउन, शेयरको मुल्य बढाउन, लगानीका सुरक्षित क्षेत्र पहिचान गर्न सुझाव दिदै आठौ बार्षिक साधारण सभाको पुर्ण सफलता र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

१४. शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठको मन्तव्य, सुझाव :

विद्यार्थीहरुलाई सहयोग गरेकोमा धन्यवाद प्रदान गर्नु भयो । यसै गरि पशुपतिमा रहेका वृद्ध, वृद्धाहरुलाई सहयोग गर्न र शाखाको निक्षेप तथा कर्जाको विवरण प्रतिवेदनमा राख्न सुझाव दिनु भयो ।

अध्यक्षको जवाफ :

शेयरधनीज्यूहरुबाट राख्नु भएका जिज्ञाशाहरुको अध्यक्षबाट प्रत्युत्तर दिनुभई शेयरधनीज्यूहरुबाट प्राप्त सुझावको लागि धन्यवाद दिनु भयो । साथै शेयरधनीज्यूहरुबाट प्राप्त सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष अनुरोध गर्नुभयो ।

७. सभावाट भएका निर्णयहरु:

(क) सामान्य प्रस्ताव :

१. आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।

संचालक समितिका तर्फबाट अध्यक्ष श्री जीवनाथ लामिछानेले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आठौं बार्षिक साधारण सभाको प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिवाट पारीत गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६८/०६९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।

लेखापरीक्षकको प्रतिवेदन सहितको २०६९ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६८/०६९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण एवम् तदसम्वन्धि अनुसूचीहरु सर्वसम्मतिवाट पारित गर्ने निर्णय गरियो ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०६९/०७० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।

लेखापरीक्षण समितिको सिफारिस बमोजिम वहालवाला लेखापरीक्षक सि.एस.सि.एण्ड कं.,चाटर्ड एकाउन्टेन्टस्, काठमाण्डौलाई निम्न अनुसार पारिश्रमिक दिने गरि चालू आ.व.२०६९/७० को लागि लेखापरीक्षकमा नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरियो ।

पारिश्रमिक :

- लेखापरीक्षण कार्य गरे वापत मुल्य अभिवृद्धि कर सहित रु.४,००,०००./- (अक्षेरेपी चार लाख मात्र) उपलब्ध गराउने ।

- लेखापरीक्षण कार्यको लागि काठमाण्डौ बाहिर जानु परेमा साझेदार लेखापरीक्षकलाई यस बैंकका नायव प्रमूख कार्यकारी अधिकृत सरहको दैनिक एवम भ्रमण भत्ता र अन्यका हकमा अधिकृत स्तरका कर्मचारी सरहको दैनिक एवम भ्रमण भत्ता उपलब्ध गराउने ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम ५.५ (पाँच दशमलव पाँच) प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

संचालक समितिले प्रस्ताव गरे बमोजिम ३१ आषाढ २०६९ मा समाप्त भएको आर्थिक बर्षमा भएको मुनाफा तथा संचित नाफाबाट चुक्ता पूँजीको ५.५ (पाँच दशमलव पाँच) प्रतिशतका दरले हुने रु.११,०८,८०,०००/- नगद लाभांश नियमानुसार लाग्ने कर कट्टा गरी आठौ बार्षिक साधारण सभासम्म कायम रहेका शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

५. संस्थापक शेयरधनीका तर्फबाट रिक्त रहेको संचालक पद ३ (तीन) मा संचालक समितिबाट गरिएको मनोनयन/नियुक्तिलाई बांकी अवधिको लागि अनुमोदन गर्ने ।

संस्थापक शेयरधनीहरु (समूह “क”) का तर्फबाट रिक्त रहेको संचालक पद ३ (तीन) मा संचालक समितिबाट संस्थापक शेयरधनीहरु डा.विश्वनाथ पौडेल, श्री विनय कुमार श्रेष्ठ र श्री रामकृष्ण शाहलाई गरिएको मनोनयन/नियुक्तिलाई बांकी अवधिको लागि अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

६. संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गर्ने/गरिएको खर्च स्वीकृत गर्ने ।

यस बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगतका कृयाकलापहरुका लागि रकम रु.५४ लाख खर्च स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

(ख) विशेष प्रस्तावहरु :

१. संस्थापक समुहमा एकाउन्न प्रतिशत शेयर कायम राखी संस्थापक समुहको बांकी शेयर सर्वसाधारण समुहमा परिणत गर्न, सोही बमोजिम शेयर स्वामित्वको आधारमा संचालक समितिमा प्रतिनिधित्वको व्यवस्था गर्ने बिषयहरुमा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

संस्थापक समुहमा एकाउन्न प्रतिशत शेयर कायम राखी संस्थापक समुहको बांकी शेयर सर्वसाधारण समुहमा परिणत गर्न र सोही अनुसार शेयर स्वामित्वको आधारमा संचालक समितिमा प्रतिनिधित्वको व्यवस्था गर्ने बिषयहरुमा प्रबन्धपत्र तथा नियमावलीमा निम्नानुसार संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

प्रबन्धपत्रतर्फ :
दफा ५(घ)

बैंकको निष्काशित पुंजी देहाय बमोजिम बाँडफाँड हूनेछ :

| समुह | शेयर लिने व्यक्ति तथा संस्था | प्रतिशत |
|---|---|---|
| “क” | संस्थापकहरु | ५१% |
| “ख” | संर्वसाधारण | ४९% |

नियमावली तर्फ :

नियम ५(५)
बैंकको जारी पुंजीको स्वामित्व देहाय बमोजिम हुनेछ :

| समुह | शेयर लिने व्यक्ति तथा संस्था | प्रतिशत |
|---|---|---|
| "क" | संस्थापकहरु | ५१% |
| "ख" | संर्वसाधारण | ४९% |

नियम १२ ज१(आ) : समूह "क" अन्तरगतका शेयरवालाहरुले आफुहरुमध्येबाट मनोनितको प्रकृया वा आपसी सम्झौता वा निर्वाचनको प्रकृयाद्वारा ३ (तीन) जना संचालकहरु मनोनित वा निर्वाचित हुनेछन ।

२. प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिने ।

प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सोही अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

८. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

सभाको अन्त्यमा अध्यक्षले शेयरधनी महानुभावहरुको सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालक समिति, लेखापरीक्षण समिति, सम्वन्धित निकाय, पदाधिकारी एवम् व्यवस्थापन तथा कर्मचारीवर्गलाई यस सभामा आ-आफ्ना ठाउँवाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी आठौ बार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गरी सभाको विर्सजन गर्नु भयो ।

रुद्रप्रसाद बन्जारा
कम्पनी सचिव

जीवनाथ लामिछाने
अध्यक्ष

मिति : २०६९/०८/२२